# सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ बर्षः ६ संख्या : ५५ मितिः माघ २९ गते, २०७९

**भाग- २**

## सिद्धार्थनगर नगरपालिकाको मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम शैक्षिक गुणस्तरको कार्यान्वयन सम्बन्धी कार्यबिधि, -२०७९

**प्रस्तावना,**

सिद्धार्थनगर नगरपालिका अन्तर्गत सन्चालित सामुदायिक र धार्मिक विद्यालयहरुमा शिक्षक दरबन्दी कम भएका र शिक्षक विद्यार्थी अनुपात अन्तरलाई मध्यनजर गरी शिक्षक परिपूर्ति नभएको विषयलाई पूर्ति गर्न मुख्यमन्त्री शै.सु. कार्यक्रम, शैक्षिक गुणस्तर कार्यक्रम कार्यान्वयन शिक्षक छनोटको मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, सिफारिस र शिक्षक/कर्मचारी नियुक्तिलाई व्यवस्थित, मर्यादित एवम् स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्यय र नियमन भनी लेखिए अनुसार मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम शैक्षिक गुणस्तरको कार्यान्वयन सम्बन्धी कार्यबिधि,-२०७९ लाई स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १०२ को २ र सिद्धार्थनगर नगरपालिकाको प्रशासकीय कार्यबीधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार बमोजिम नगरपालिकाले यो कार्यबिधि बनाई लागु गरेकोछ ।

## परिच्छेद - एक,
## प्रारम्भिक
## सङ्क्षिप्त नाम र परिभाषा

१. **सङ्क्षिप्त नाम र परिभाषा** : यो कार्यविधिको नाम **"सिद्धार्थनगर नगरपालिकाको मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमको शैक्षिक गुणस्तर कार्यान्वयन सम्बन्धी कार्यविधि-२०७९"** रहेको छ ।

२. यो कार्यविधि सिद्धार्थनगर नगरपालिका क्षेत्रभरी लागु हुनेछ ।

३. यो **कार्यविधि यसै** सिद्धार्थनगर नगरपालिकाको नगरकार्यपालिकाको निर्णयबाट स्वीकृत भएपछि स्थानीय राजपत्रमा प्रकाशन गरेपछि प्रारम्भ हुनेछ ।

## परिच्छेद - दुई,
## परिभाषा

४. **विषय वा प्रसङ्गले** अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यविधि"** भन्नाले **"सिद्धार्थनगर नगरपालिकाको मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमको शैक्षिक गुणस्तर कार्यान्वयन सम्बन्धी कार्यविधि-२०७९"** भन्ने सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले सिद्धार्थनगर नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) **"नगरपालिका"** भन्नाले सिद्धार्थनगर नगरपालिका सम्झनु पर्छ ।

(घ) **"नगर प्रमुख"** भन्नाले सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख सम्झनु पर्छ ।

(ङ) **"नगर उप प्रमुख"** भन्नाले सिद्धार्थनगर नगरपालिकाका नगर उप प्रमुख सम्झनु पर्छ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न तोकिएको सम्झनु पर्छ ।

(छ) **"शिक्षक/कर्मचारी"** भन्नाले यस कार्यविधि बमोजिम नियुक्ति पाएको व्यक्तिलाई सम्झनु पर्छ।

(ज) **"विद्यालय"** भन्नाले सिद्धार्थनगर नगरपालिकाक्षेत्रभित्र संचालित सामुदायिक, धार्मिक मदरसा र संस्कृत विद्याश्रम समेतलाई सम्झनु पर्छ

(झ) **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले विद्यालयमा गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ञ) **"कार्यक्रम"** भन्नाले यस प्रयोजनमा मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमको शैक्षिक गुणस्तरको चालु कार्यक्रम अन्तर्गतका कार्यक्रमलाई सम्झनु पर्छ ।

(ट) **"नगर शिक्षा शाखा"** भन्नाले सिद्धार्थगनर नगरपालिकाको **शिक्षा,युवा तथा खेलकुद शाखा**लाई सम्झनु पर्छ

(ठ) **"शिक्षा अधिकृत"** भन्नाले सिद्धार्थनगर नगरपालिकाको **शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत कर्मचारी वा वि.नि.** लाई सम्झनु पर्छ

(ड) **"अध्यक्ष"** भन्नाले यस क्षेत्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई सम्झनु पर्छ ।

(ढ) **"प्रधानाध्यापक"** भन्नाले यस सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्रका विद्यालयका प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

(ण) **"विषय विशेषज्ञ"** भन्नाले शिक्षक वा कर्मचारी पदपूर्ति छनौट समितिले तोकिएको पद अनुसारको मनोनित विज्ञ वा विशेषज्ञलाई सम्झनु पर्छ ।

(त) **"नगर शिक्षा प्रमुख"** भन्नाले सिद्धार्थनगर नगरपालिकाको **शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख**लाई सम्झनु पर्छ ।

## परिच्छेद - तीन,

## शिक्षक/कर्मचारीको पद

५. देहाय बमोजिमका शिक्षक/कर्मचारीको पदहरुमा विद्यालय व्यवस्थापन समितिले निम्नानुसारका पदमा विज्ञापन गर्न सक्नेछ ।

क. कम्प्युटर शिक्षक

ख. भाषा शिक्षक

ग. संगीत शिक्षक

घ. खेलकुद शिक्षक वा अन्य शिक्षक कर्मचारी

६. दफा (५) बमोजिमका पदमा **विद्यालय व्यवस्थापन समिति**ले विद्यालयको आवश्यकता र कार्यालयबाट प्राप्त बजेटको आधारमा पदपूर्ति गर्न सक्नेछ ।

## परिच्छेद -चार,

## योग्यता सम्बन्धी व्यवस्था

७. उम्मेदवारको लागि आवश्यक योग्यता :

क) शैक्षिक योग्यता कम्तिमा १०+२ उत्तीर्ण वा तोकिए अनुसारको शैक्षिक योग्यता भएको हुनु पर्नेछ,

ख) १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको नेपाली नागरिक हुनु पर्नेछ,

ग) कुनै फौजदारी अभियोगमा नैतिक पतन हुने गरी अदालतबाट कसुरदार नठहरिएको व्यक्ति हुनु पर्नेछ ।

घ) प्रचलित कानुनले अन्य कुनै अयोग्य नठहरिएको व्यक्ति हुनु पर्नेछ।

ङ) विषयसग सम्बन्धित अन्य योग्यता/क्षेत्र विद्यालय व्यवस्थापन समितिले निर्णय गरी तोक्न सक्नेछ।

## परिच्छेद - पाँच,

## परीक्षा सम्बन्धी व्यवस्था

८. शिक्षक/कर्मचारी छनौट प्रक्रियाको परीक्षा अन्तर्गत आवश्यकता अनुसार लिखित, प्रयोगात्मक र अन्तर्वार्ता हुनेछ।

९. निर्धारित पद अनुसार कम्प्युटर तथा आवश्यक पदको लागि प्रयोगात्मक परीक्षा अन्तर्गत कम्प्युटर सम्बन्धी ज्ञान सीप परीक्षण गर्न सकिनेछ ।

१०. दफा ५ बमोजिमका पदमा शिक्षक/कर्मचारी पदपूर्तिका लागि आवश्यकता अनुसार परीक्षाको किसिम लिखित, प्रयोगात्मक र मौखिक हुनेछ ।

११. (क) लिखित परीक्षाको पूर्णाङ्क देहाय बमोजिम विभाजन गरिएको छ।

लिखित परीक्षा १०० पूर्णाङ्क समय : ३ घण्टा

विषयगत प्रश्नहरू : ८० पूर्णाङ्क (छोटो उत्तर आउने प्रश्नहरू ८ ओटामा प्रत्येक ५ अंकको हुनेछ र लामो उत्तर आउने प्रश्नहरू ४ ओटा मात्र प्रत्येक १० अंकको दरले हुनेछन्।)

सामान्यज्ञान वस्तुगत प्रश्नहरू : २० पूर्णाङ्क (बहुबैकल्पिक प्रश्नहरू १×२०=२०अंक हुनेछ। साथै दुबै किसिमका लिखित परीक्षा प्रश्नहरूको उत्तीर्णाङ्क ४० अंकको हुनेछ ।

(ख) **कम्प्युटर शिक्षकका लागि प्रयोगात्मक परीक्षाको पूर्णाङ्क २५ र उत्तीर्णाङ्क १० अंकको** हुनेछ

(ग) **अन्तर्वार्ताको अंक विभाजन देहाय बमोजिम गरिएको छ ।**

अन्तर्वार्ता पूर्णाङ्क २५ को संञ्चालन गरिने छ र उत्तीर्णाङ्क १० अंक हुनेछ।

- प्रस्तुति तथा विषयवस्तु, भाषा शैली आदि सम्बन्धी १५ पूर्णाङ्कको अन्तर्वाता संञ्चालन गरिने छ ।
- शैक्षिक योग्यता वापत बढीमा ५ अंक (सम्बन्धित शैक्षिक योग्यताको प्रथम श्रेणी ३, द्वितीय श्रेणी २ र तृतीय श्रेणी १ र श्रेणी नखुलेको भए द्वितीय श्रेणी २ अंक हुनेछ ) तथा न्यूनतम तोकिएको भन्दा माथिल्लो शैक्षिक योग्यता भएमा प्रथम श्रेणी भए २ र द्वितीय श्रेणी भए १ अंक थप हुनेछ।
- सोही पदमा कार्य गरेवापत अनुभवको प्रत्येक वर्षको ०.५ अंकका दरले बढीमा दश वर्षसम्मको ५ अङ्क सम्म हुनेछ ।
- अनुभवका लागि संस्थाको सम्बन्धित पदमा काम गरेको अनुभवको प्रमाणपत्र र नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि पेश भएको हुनु पर्नेछ ।

(नोट- अन्तर्वार्ता र प्रयोगात्मक परीक्षामा ७० प्रतिशत भन्दा माथि र ३५ प्रतिशत भन्दा कम अंक दिनुपर्ने भएमा सो को स्पष्ट कारण उल्लेख गर्नु पर्नेछ ।)

- लिखित परीक्षामा सफल भएको उम्मेदवारलाई मात्र अन्तवार्तामा सहभागी गराइनेछ ।

**१२.** दफा **११**(क) मा उल्लेख भए बमोजिम निर्धारित उत्तीर्णाङ्क प्राप्त गरेको उम्मेदवारहरू मध्ये आवश्यक पद संख्याका आधारमा नतिजा प्रकाशन गरिने छ । सफल उम्मेदवारको सूची प्रकाशन, ११(ख) प्रयोगात्मक परीक्षा, र ११(ग) अन्तरवार्ता सञ्चालन, नतिजा प्रकाशन, दस्तखत रद्ध वा वदर हुन सक्ने लगायत छनौट सम्बन्धी विविध प्रक्रिया र विधिका सम्बन्धमा **प्रचलित कानुन र प्रचलन**मा भए बमोजिमका प्रक्रियाहरू अवलम्बन गरी छनौट समितिले कार्य गर्नेछ।

१३. दफा ५ बमोजिमका शिक्षक/कर्मचारी **पदपूर्तिका लागि पाठ्यक्रमको क्षेत्र** निम्नानुसार निर्धारण गरिएको छ।

(क) दर्ता, चलानी र विद्यालय सम्बन्धी आधारभूत जानकारी भएको,

(ख) आर्थिक कार्यविधि नियमावली, २०६४

(ग) स्थानीय सरकार संचालन ऐन, २०७४

(घ) शिक्षाको अर्थ, उद्देश्य र महत्व,

(ङ) विधालय IEMIS सम्बन्धीको जानकारी,

(च) बाल शिक्षा र बालमनोबिज्ञान सम्बन्धि ज्ञान

(छ) शिक्षा ऐन २०२८, शिक्षा नियमावली, २०५९ (संसोधन सहित),

(ज) शिक्षक सेवा आयोग नियमावली, २०५७ सम्बन्धित सामान्य जानकारी,

(झ) नेपालको संविधान

(ञ) नेपालको इतिहास, भूगोल, शिक्षा सम्बन्धि आधारभूत जानकारी,

(ट) सार्क राष्ट्र सम्बन्धी जानकारी,

(ठ) समसामायिक सामान्य ज्ञान,

(ड) कम्प्यूटर सम्बन्धी आधारभूत जानकारी,

(ढ) विद्यालय शान्ति शिक्षा, दण्ड र भय रहित शिक्षा, बालमैत्री र आपतकालिन अवस्थामा शिक्षा व्यवस्थापन सम्बन्धी आधारभूत जानकारी,

(ण) शिक्षाको राष्ट्रिय उद्देश्यहरू,

(त) नेपालमा शिक्षा आयोगका प्रतिवेदन,

(थ) आवश्यकता अनुसार शिक्षक सेवा आयोगले शिक्षक छनौट सम्बन्धी प्रकाशित गरेको पाठ्यक्रम बमोजिमका विषयवस्तुहरू ।

आवश्यकता र औचित्यका आधारमा विशेषज्ञहरूलाई विषयवस्तु छनौट गर्ने र अंकभार कायम गरी प्रश्न पत्र निर्माण गर्ने अधिकार कायम रहनेछ।

## परिच्छेद - छ

## शिक्षक/कर्मचारी छनौट समिति सम्बन्धी व्यवस्था

१४. दफा ५ को शिक्षक पदको पदपूर्तिका लागि तपसिल बमोजिमको शिक्षक/कर्मचारीछनौट समिति रहनेछ ।

| | | |
|---|---|---|
| १) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | संयोजक | १ जना |
| २) स्थानीय तहको शिक्षा अधिकृत (वि.नि.) | सदस्य | १ जना |
| ३) सम्बन्धित विषयक्षेत्रको विषय विशेषज्ञ शिक्षकहरू मध्येबाट ) | सदस्य | २ जना |
| ४) विद्यालयका प्रधानाध्यापक | सदस्य सचिव | १ जना |

१५. उक्त छनौट समितिमा शिक्षा विकास तथा समन्वय इकाइका प्रतिनिधि, नगरशिक्षा शाखाका कर्मचारी र सम्बन्धीत वडाध्यक्षलाई आमन्त्रण गर्न सकिनेछ। बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ । शिक्षक छनौट सामितिले सम्बन्धित विषयक्षेत्रको २ जना विषय विशेषज्ञलाई मनोनित गर्नेछ।

१६. दफा १४ बमोजिमको शिक्षक कर्मचारी छनौट समितिले **सफल शिक्षक/कर्मचारीलाई नियुक्तिका** लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ । शिक्षक/कर्मचारी छनौट समितिको सिफारिसको आधारमा विद्यालय व्यवस्थापन समितिले नियुक्ति दिने निर्णय गर्नेछ र सोही आधारमा विद्यालयको प्रधानाध्यापकले सफल उम्मेदवारलाई नियुक्ति पत्र दिनेछ ।

## परिच्छेद - सात,

## विज्ञापन सम्बन्धी व्यवस्था

१७. विद्यालयको आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम प्रधानाध्यापकले विज्ञापन गर्नेछ ।

१८. बिद्यालय व्यवस्थापन समितिले दफा ५ बमोजिमको विज्ञापन प्रकाशन गर्दा कम्तिमा १५ दिनको म्याद राखी गर्नुपर्नेछ । उक्त म्याद भित्र ३ जना भन्दा कमको दरखास्त पर्न आएमा वा दरखास्त नपरेमा पुनः ७ दिनको म्याद राखी दोस्रो विज्ञापन प्रकाशन गर्नुपर्नेछ तर छनौट परीक्षामा १ जना मात्र परीक्षार्थी उपस्थित भए पनि परीक्षा संचालन हुनेछ।

१९. दफा ५ का पदमा प्रकाशित विज्ञापनको सूचना विद्यालय सूचना पार्टी, विद्यालय रहेको वडा कार्यालय वा कुनै सार्वजनिक स्थल, नगरकार्यपालिकाको कार्यालयमा टाँस गर्नु पर्नेछ ।

२०. दरखास्त दिनुपर्ने दफा ५ बमोजिमका पदमा प्रकाशित विज्ञापनमा योग्यता पुगेको इच्छुक उम्मेदवारले विद्यालयमा **अनुसुची -१** बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ म्याद नाघि परेको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

२१. दफा ५ बमोजिमका पदमा भएको विज्ञापनमा दफा ११ बमोजिम उतिर्ण भएका उम्मेदबारलाई **अनुसूची -२** बमोजिमको ढाँचामा नियुक्ति दिनु पर्नेछ ।

## परिच्छेद - आठ

## काम, कर्तव्य र अधिकार

**२२.** कम्प्युटर, भाषा, संगीत तथा खेलकुद वा अन्य शिक्षकको काम, कर्तब्य र अधिकार:

- विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिले तोके बमोजिमका कार्य एवं जिम्मेवारी इमान्दारी र कर्तव्यनिष्ठ भई पुरा गर्नु पर्नेछ।
- प्रचलित ऐन, नियम बमोजिम सो विषयका शिक्षकका हैसियतले गर्नुपर्ने भनी तोकिएका कार्यहरू गर्नु पर्नेछ ।
- विद्यालयको आन्तरिक तथा प्रशासनिक कार्यहरूलाई गोपनीयता राख्नु पर्नेछ ।
- विद्यालयमा आवश्यकता अनुसार शिक्षण सम्बन्धी कार्य सम्पादन गर्नु पर्नेछ ।
- विद्यालयको दैनिक कार्य संचालनका लागि प्रधानाध्यापक र सहायक प्रधानाध्यापकलाई सहयोग गर्नु पर्नेछ ।

२३. शिक्षक नियुक्ति भई नियमित कामकाजमा लागे पछि प्राप्त बजेट रकम विद्यालयका खातामा उपलब्ध गराइनेछ उक्त बजेट रकम विनियोजन वा थप नभएमा वा करार अवधि समाप्त भएपछि नीज शिक्षक स्वतः अवकाश हुनेछन्।

## परिच्छेद - नौ,

## विविध

२४. **बाधा अड्काउ फुकाउने अधिकार** : यस कार्यविधिमा उल्लेखित कुनै नियम कार्यान्वयनका सन्दर्भमा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार नगरपालिका र नगर शिक्षा शाखालाई रहनेछ ।

**२५. कार्यबिधि संशोधन सम्बन्धी अधिकार :** विद्यालयलाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गर्नका लागि सिद्धार्थनगर नगरपालिका को नगरकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

२६. **बचाउ तथा लागू नहुने** : कार्यबिधिमा उल्लेखित नियमहरू पालना गर्नु विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीहरूको दायित्व हुनेछ । यस अघि भएका यस प्रकृतिका कार्यहरुलाई यस कार्यविधिले बाधा गर्ने छैन । **कार्यबिधिमा उल्लेख नभएका नियमहरूको पालना नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।** साथै यो कार्यविधि नेपाल सरकारको प्रचलित ऐन, कानून बमोजिम बाझिएको हकमा सो बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

## अनुसूची १

(कार्यविधिको दफा २० संग सम्बन्धी)

राहत/करार/अस्थायी शिक्षकले दिने निवेदनको ढाँचा

मिति: २०...... ।...... ।....

श्री प्रधानाध्यापक ज्यू,

...... .....    ........ .    ..... ,...... .......... ।

**विषय: सेवा गर्ने अवसर पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा त्यहाँको मिति २०....।...।..... को विज्ञापनबाट माग भएको ............................... पदमा म आफू योग्य भएकोले सो पदमा सेवा गर्न इच्छुक भइ यो निवेदन पेश गरेको छु ।

योग्यता...

अनुभव...

तालिम... आदि,

**संलग्न कागजातका प्रतिलिपिहरु**

१.

२.

३.

**निवेदक**

दस्तखतः

नामः

ठेगानाः

फोन/ सम्पर्क नं.:

# अनुसूची २

(कार्यविधिको दफा २१ संग सम्बन्धी)

**................... माध्यमिक/आधारभूत विद्यालय**

**सिद्धार्थनगर, रुपन्देही**

**लुम्बिनि प्रदेश, नेपाल**

(राहत/करार/अस्थायी शिक्षकलाई विद्यालयले दिने नियुक्ति पत्रको ढाँचा)

मिति २०.......।.....।......

**विषयः राहत/करार/अस्थायी नियुक्ति पत्र ।**

श्री ...... ....... ....... ,

सिद्धार्थनगर नगरपालिका- .., रुपन्देही ।

प्रस्तुत विषयका सम्बन्धमा तपाईलाई मिति २०......।......।.......गते प्रकाशित विज्ञापन अनुसार मिति २०........।......।....... गते लिइएको शिक्षक छनौट परीक्षाको लिखित तथा मौखिक परीक्षाबाट छनौट भइ सिफारिस भएको आधारमा यस विद्यालयको वि.व्य.स. को मिति २०......।...।.... बसेको बैठकको निर्णय अनुसार माध्यमिक/आधारभूत तह ... . . राहत/करार/ अस्थायी शिक्षक पदमा मिति २०......।...।.... देखि लागूहुने गरी र नियमानुसार विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम तलव भत्ता पाउने गरी राहत/करार/अस्थायी नियुक्ति पत्र दिइएको छ ।

शिक्षा ऐन नियमावली एवं प्रचलित कानुन बमोजिम विद्यालयको प्रधानाध्यापकको मातहतमा रही ईमान्दारीपूर्वक र कर्तब्यनिष्ठ भइ आफ्नो कामकाज जिम्मेवारीका साथ गर्नुहोला ।

..................................... शिक्षक पदमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई ।

..................

प्रधानाध्यापक

**बोधार्थः**

१. सिद्धार्थनगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
   शिक्षा, युवा तथा खेलकुद शाखा रुपन्देही ।
२. सिद्धार्थनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
   आर्थिक प्रशासन शाखा रुपन्देही ।
३. शिक्षा विकास तथा समन्वय इकाइ, रुपन्देही ।
४. ..................................................

आज्ञाले

नवराज पौडयाल

प्रमुख प्रशासिकय अधिकृत